जसले आफ्नो जीविकोपार्जन विस्तार होस् र आयु लामो होस् भन्ने चाहन्छ, उसले आफ्नो नातागोतासँग राम्रो सम्बन्ध कायम गरोस् ।

अनस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले आफ्नो जीविकोपार्जन विस्तार होस् र आयु लामो होस् भन्ने चाहन्छ, उसले आफ्नो नातागोतासँग राम्रो सम्बन्ध कायम गरोस् ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफन्तहरूसँग राम्रो नाता कायम गर्न प्रोत्साहित गर्दै हुनुहुन्छ, जस्तैः बेलाबेलामा उनीहरूलाई भेट्नु, भौतिक र आर्थिक सहयोग गर्नु इत्यादि र यसबाट मानिसको जीविकोपार्जनमा वृद्धि र आयु लामो हुन्छ ।

http://sunnah.global/hadeeth/ne/show/5372